# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार



गभर्नर डा. युवराज खतिवडाले विश्वको सर्वोच्च शिखर सगरमाथाका साथै अन्य हिम श्रृँखला अवलोकन गर्न र ट्रेकिङ्गको लागि आउने पर्यटकहरूलाई आवश्यक सेवा र सुविधा प्रदान गर्दै आइरहेको नाम्चे बजारमा ATM सहितको सिद्धार्थ बैंक लिमिटेडको ४१ औं शाखा उद्घाटन गर्नु भयो । पर्यटकहरूलाई सेवा र सुविधा दिने नमूना गाउँको रूपमा यस नाम्चे बजारलाई लिइँदै आएको छ ।

गभर्नर डा. खतिवडाले - पर्यटकीय स्थलमा आई सिद्धार्थ बैंक लिमिटेडले आफ्ना ग्राहकको इच्छा अनुसार वित्तीय सेवाको पहुँच पुऱ्याउनु पर्ने कार्यमा एउटा प्रयास अघि बढाएको छ, ग्राहकको आय आर्जन गर्ने व्यवसायमा बढी भन्दा बढी लगानी गर्दै उत्पादनशील कार्यमा साधनको प्रवाह गर्नु पर्ने, ग्रामीण कृषि र ऊर्जामा लगानी बृद्धि गर्नु पर्ने, घरेलु सीपमूलक तालिम प्रदान गर्ने एकीकृत कार्यक्रममा कर्जा प्रवाह गरी स्वरोजगारको सिर्जना गर्नु पर्ने, कम घरधुरी भएको गाउँमा एक घर एक खाताको अवधारणा अवलम्बन गरेर स्थानीय जनतालाई वित्तीय सेवा र साधनको स्वस्थ र निष्पक्ष तरिकाले सेवा प्रदान गर्नु पर्ने कुरा बताउनु भयो ।




साथै, बैंक बढी नाफामुखी मात्र नबनी ग्राहक सेवामुखी भावनाले समेत अभिप्रेरित हुनु पर्ने, स्थानीय क्षेत्रमा संकलित वित्तीय साधनलाई तुलनात्मक लाभका सम्भाव्य परियोजनाहरुको पहिचान गर्दै स्थानीय क्षेत्रमा नै प्रवाह गर्नु पर्ने र जसबाट सोही स्थानको जनताले नै प्रत्यक्ष लाभ प्राप्त गर्न सकुन् भन्दै यसका लागि स्थानीय उद्योगी व्यवसायी जागरूक भई रोजगारमूलक व्यवसाय विस्तारका लागि स्थानीय स्तरबाट आवश्यक सक्रियता बढाउने, त्यस्तै बैंकले पनि वित्तीय श्रोत लगानी गर्ने आधारहरु मध्ये सुदृढ नगद प्रवाहमा आधारित हुँदै केवल धितोमुखी र प्रक्रियामुखी मात्र नभई परियोजनामुखी हुन सुझाव दिनु भयो । धितोमा मात्र अलमलियो भने राम्रा परियोजना र ग्राहक निरूत्साहित हुन सक्ने कुरा पनि बताउनु भयो ।

नेपाल राष्ट्र बैंकले आधार ब्याजदर (Base Rate) सम्बन्धी नीति छिट्टै ल्याउन लागेको, यस क्रममा बैंकहरुले आफ्नो संचालन खर्चलाई समयसापेक्ष रुपमा परिमार्जन गर्नु पर्ने, लागत खर्चलाई पनि अद्यावधिक गर्नु पर्ने कुरा आफ्नो मन्तव्यमा व्यक्त गर्नु भयो ।

कार्यक्रमपश्चात् गभर्नर डा. खतिवडाले नाम्चे बजारमा रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय अवलोकन, सगरमाथा राष्ट्रिय निकुञ्जमा रहेको विभिन्न किसिमका बोटविरूवा तथा जनावरहरूको जानकारी प्राप्त गर्नुका साथै सोनम फोटोग्राफी, सामुदायिक स्वास्थ्य चौकी र लुक्ला विमानस्थलमा रहेको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको शाखा कार्यालयको अवलोकन गर्नु भयो ।

उक्त उद्घाटन कार्यक्रममा स्थानीय बृद्धिजीवी तथा पर्यटन व्यवसायसँग सम्बद्ध सोनम गोर्जे शेर्पा एवम् पर्यटन व्यवसायी सुमन पाण्डे र सिद्धार्थ बैंक लिमिटेड, सञ्चालक समितिका अध्यक्ष मनोज केडियाले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

मितिः २०६९।७।१६

**गभर्नरको कार्यालय**